# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं साउन १७ गते २०३४ साल [ संख्या १६


श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको

### सूचना

वैरङ्ग हुलाक नियमाबली, २०३४

हुलाक ऐन, २०१९ को दफा ७ र ६९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "वैरङ्ग हुलाक नियमावली, २०३४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "वैरङ्ग" भन्नाले चाहिने महसूलको हुलाक टिकट नटाँसी वा टिकट नटाँसी हुलाक दाखिला (पोष्टिङ्ग) गरिएको हुलाकवस्तु सम्झनुपर्छ ।

(ख) "टी टाँचा" भन्नाले विदेशतर्फ जाने र विदेशबाट नेपाल अधिराज्यमा आउने हुलाकवस्तुमा नपुग महसूल जनाउन लगाइएको टाँचा सम्झनुपर्छ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "ड्यू टाँचा" भन्नाले आन्तरिक हुलाकवस्तुमा नपुग महसूल जनाउन लगाइएको टाँचा सम्झनुपर्छ ।

(घ) "शुरू हुलाक" भन्नाले शुरूमा हुलाकवस्तु हुलाक दाखिला गरिएको हुलाक सम्झनुपर्छ ।

(ङ) "ठेगाना हुलाक" भन्नाले हुलाकवस्तु डेलिभरी गर्ने हुलाक सम्झनुपर्छ ।

(च) "चलान (ट्रान्जिट) हुलाक" भन्नाले शुरू हुलाक र ठेगाना हुलाकको बीचमा पर्ने हुलाक सम्झनुपर्छ ।

३. शुरू हुलाकले गर्ने काम: (१) आन्तरिक हुलाकवस्तुको सम्बन्धमा शुरू हुलाकले वैरङ्गको आवरण (कभर) मा ड्यू टाँचा लगाई त्यसमा नपुग महसूलको दोब्बर रकम जनाई पूरा महसूल लागेको हुलाकवस्तु सरह चलान गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम चलान भएको हुलाकवस्तु ठेगानावालाकहाँ डेलिभरी नभई ठेगाना हुलाकबाट फिर्ता भई आएमा सो वैरङ्ग पठाउनेलाई फिर्ता डेलिभरी गरी निजबाट ड्यू टाँचामा जनिएको महसूल असूल गरिनेछ । वैरङ्ग पठाउनेले चुक्ता गर्नु पर्ने महसूल बुझाउन इन्कार गरी आफूले पठाएको हुलाकवस्तु फिर्ता डेलिभरी लिन नचाहेमा निजको नाममा आएको कुनै पनि हुलाकवस्तु रोक्का गरिनेछ। त्यसरी रोक्का गरिएको हुलाकवस्तु लिन मनासिव माफिकको म्याद दिई सूचना गर्दा पनि निजले नपुग महसूल बुझाई लिन नआएमा निजको रोक्का राखिएको सबै हुलाकवस्तु प्रेषककहाँ नै फिर्ता गरिनेछ।

४. चलान हुलाकले गर्ने कामः चलान (ट्रान्जिट) हुलाकले ड्यू र टी टाँचा लागेको वैरङ्गलाई पूरै टिकट टाँसिएको हुलाकवस्तु सरह चलान गर्नु पर्नेछ ।

५. ठेगाना हुलाकले गर्ने कामः (१) ठेगाना हुलाकले 'ड्यू' र 'टी' टाँचा लागेका वैरङ्गको आवरण (कभर) मा लेखिएबमोजिमको महसूल असूल गरी सो वैरङ्ग ठेगानावालालाई डेलिभरी गर्नेछ ।

(२) उप-नियम (१) बमोजिम वैरङ्गको डेलिभरी गर्दा ठेगानावालाले नपुग महसूल चुक्ता गरेर वैरङ्ग बुझी लिन इन्कार गरेमा वा ठेगानावाला पत्ता नलागेमा सो वैरङ्गलाई पुरै टिकट टाँसिएको हुलाकवस्तु सरह शुरू हुलाकमा फिर्ता पठाउनु पर्नेछ ।

६. विदेशमा पठाउने वैरङ्ग बारेः (१) नेपाल अधिराज्यबाट विदेश जाने वैरङ्गमा विनिमय हुलाकले नपुग महसूललाई सतहबाट जाने चिट्ठीको पहिलो तहमा लाग्ने महसूलले भाग गर्दा आउने भिन्न अङ्कलाई 'टी' टाँचामुनि अङ्कित गरेर पठाउन पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–नियम (१) बमोजिम पठाइएको वैरङ्ग विदेशमा डेलिभरी हुन नसकी फिर्ता भई आएमा त्यसको 'टी' टाँचामुनि अङ्कित अङ्कमा सतहबाट जाने चिट्ठी–को पहिलो तहको महसूलले गुणन गरेर आउने महसूल रकममा एक रूपैयाँसमेत थपी प्रेषकबाट असूल गरिनेछ । निजले सोबमोजिमको रकम चुक्ता गरी वैरङ्ग बुझिलिन इन्कार गरेमा निजको हकमा नियम ३ को उप–नियम (२) बमोजिमको कारवाई गरिनेछ ।

७. नेपाल अधिराज्यमा आएको वैरङ्ग बारेः (१) विदेशबाट आएको वैरङ्ग डेलिभरी गर्दा सो वैरङ्गको 'टी' टाँचामुनि अङ्कित अङ्कमा सतहबाट जाने चिट्ठीको पहिलो तहको महसूलले गुणन गरेर आउने महसूल रकममा एक रूपैयाँसमेत थपी ठेगानावालाबाट असूल गरिनेछ ।

(२) वैरङ्गको ठेगानावाला पत्ता नलागी डेलिभरी हुन नसकेमा वा नपुग महसूल चुक्ता गरी निजले बुझ्न इन्कार गरेमा सो वैरङ्ग शुरू हुलाकमा फिर्ता पठाइनेछ ।

८. हुलाक हाकिमले वैरङ्गको सम्बन्धमा गर्ने कामः (१) कसैलाई दुःख वा धोका दिने नियतले कसैले प्रेषकको नाम र ठेगाना लेख्ने ठाउँमा आफ्नो नाम र ठेगाना नलेखी अन्य कसैको नाम र ठेगाना लेखी वैरङ्ग पठाएकोमा ठेगानावालाले नपुग महसूल बुझाई सो वैरङ्ग बुझी लिन इन्कार गर्दा वैरङ्ग फिर्ता भएकोमा सम्बन्धित हुलाक हाकिम राज–पत्रांकित दर्जाको भएमा निजले आफैले र राजपत्र अनंकित दर्जाको भएमा निजको सिफारिशमा अञ्चल हुलाक नियन्त्रकले नपुग महसूल मिनाहा गर्न सक्नेछ । त्यसरी मिनाहा गरिएकोमा नियम ३ को उप–नियम (२) बमोजिम प्रेषक भनी लेखिएको व्यक्तिको नामको हुलाकवस्तु रोक्का वा फिर्ता गरिने छैन ।

(२) हुलाक हाकिमले हुलाक सेवा विभागले तोकेबमोजिम वैरङ्गको लगत राख्नु पर्नेछ ।

९. वैरङ्गको मास्केवारीः–हुलाकले प्रत्येक महीनाको पहिलो हप्ताको अन्त सम्ममा अघिल्लो महीनाको वैरङ्गको मास्केवारी अञ्चल हुलाक नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ । अञ्चल हुलाक नियन्त्रक कार्यालयले आफूकहाँ प्राप्त मास्केवारीलाई एकमुष्ट तयार गरी यथासक्य चाँडो हुलाक सेवा विभागमा पठाउनु पर्नेछ ।

१०. डेलिभरी हुन नसकेको वैरङ्गवस्तु लिलाम गर्नेः– (१) ठेगानावाला पत्ता नलागी वा ठेगानावालाले बुझ्न इन्कार गरी फिर्ता आएको वैरङ्गको प्रेषक पत्ता नलागी फिर्ता डेलिभरी हुन नसकेमा त्यस्तो वैरङ्ग तुरून्त फिर्ती चिट्ठी फाँटमा पठाउनु पर्नेछ । फिर्ती चिट्ठी फाँटले सो वैरङ्ग खोली सकभर प्रेषक पत्ता लगाई सम्बन्धित हुलाकमा डेलिभरी गर्नको लागि पठाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–नियम (१) बमोजिम गर्दा पनि प्रेषक पत्ता लाग्न नसकेमा सो वैरङ्ग धुल्याउन वा लिलाम गर्न निकासाको लागि क्षेत्रीय हुलाक निर्देशनालय वा गोश्वारा हुलाक-मा पेश गर्नु पर्नेछ र यसरी पेश गर्दा भई आएको निकासाबमोजिम त्यस्तो वैरङ्ग धुल्याइने वा लिलाम बिक्री गरिनेछ ।

११. खारेजी: वैरङ्ग सेवा नियमहरू, २०१९ खारेज गरिएको छ ।

आज्ञाले–

तीर्थराज तुलाधर

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।